## स्वास्थ्यकर्मीका लागि

- भेदभावरहित सेवा दिनु स्वास्थ्य कर्मीहरुको दायित्व हो।
- गोपनीयता र सम्मान अनिवार्य कायम गरौं।
- डर होइन, तथ्यमा आधारित सेवा प्रदान गरौं।



**सम्मानजनक सेवा = राम्रो स्वास्थ्य परिणाम**

**गुणस्तरीय सेवा = गुणस्तरीय जीवन**

## नीतिनिर्माता/सरोकारवाला

- भेदभावरहित नीति र कानुन आवश्यक।
- समुदाय-नेतृत्वको पहललाई समर्थन गरौं।
- एच.आई.भी नियन्त्रण कार्यक्रमलाई मानव अधिकार मैत्री बनाऔं।
- नीति परिवर्तनले एच.आई.भी. संक्रमितको जीवन परिवर्तन गर्छ।



नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र
टेकु, काठमाण्डौ

RECOVERING NEPAL

ViiV Healthcare POSITIVE ACTION

## एच.आई.भी सम्बन्धी लाञ्छना र भेदभाव अन्त्य गरौं।
## सम्मान, अधिकार र समान व्यवहार सुनिश्चित गरौं।


- एच.आई.भी एउटा स्वास्थ्य अवस्था हो।
- एच.आई.भी भएका व्यक्तिहरू (People living with HIV) पनि सामान्य मानिसहरू जस्तै सम्मानपूर्वक बाँच्ने अधिकार राख्छन्।
- तर डर, गलत जानकारी र नकारात्मक सोचका कारण उनीहरूले लाञ्छना र भेदभाव भोग्नुपरेको छ।



## लाञ्छना र भेदभाव

### सामाजिक लाञ्छना र भेदभाव

- परिवार वा समाजबाट तिरस्कार
- गाली र दोष लगाउन
- सामाजिक कार्यक्रममा सहभागी हुन नदिन
- एक्ल्याउने व्यवहार



### संरचनागत लाञ्छना र भेदभाव

- स्वास्थ्य सेवा, रोजगारी, शिक्षा, बसोबासमा भेदभाव
- गोपनीयता भंग
- विभेदकारी नियम वा व्यवहार

### आत्म-लाञ्छना

- आफूलाई दोषी ठान्ने
- लाज र डर मान्ने
- आफ्नो अवस्था लुकाउने
- आत्मविश्वास गुमाउने।

## समुदायको भूमिका

- एच.आई.भी बारे सही जानकारी/सूचना फैलाऔं।
- सम्मानजनक व्यवहार गरौं।
- गोपनीयता कायम राखौं।
- भेदभावको विरोध गरौं।
- एच.आई.भी भएका व्यक्तिलाई साथ, सहयोग र माया दिऔं।



## युवाहरूका लागि

- एच.आई.भी कसैलाई पनि हुन सक्छ।
- मित्रता र सम्मान सबैको अधिकार हो।
- गलत हल्ला नफैलाऔं।
- सुरक्षित व्यवहार अपनाऔं।
- युवाको आवाजले लाञ्छना हटाउन सक्छ।

**प्रभावकारी दौतरी शिक्षा = सकारात्मक जीवनशैली**


## किन महत्वपूर्ण छ ?

- लाञ्छना र भेदभावले एच.आई.भी नियन्त्रणमा बाधा पुऱ्याउँछ।
- मानिसहरू उपचारबाट टाढा हुन्छन्।
- मानव अधिकार उल्लङ्घन हुन्छ।

**एच.आई.भी अपराध होइन, लाञ्छना र भेदभाव अन्त्य गरौं।**
**एच.आई.भी अन्त्य गरौं।**

## लाञ्छना, भेदभाव र असरहरू:

- एच.आई.भी परीक्षण र उपचारमा ढिलाइ,
- मानसिक तनाव, डिप्रेसन, एक्लोपन,



- रोजगारी वा घर गुमाउने,
- हिंसा वा अपराधमा संलग्न हुने,
- सम्बन्ध बिच्छेद गर्ने,
- आत्महत्या गर्ने।

## लाञ्छना र भेदभाव किन हुन्छ ?

- एच.आई.भी सर्ने बारे गलत धारणा
- डर र अज्ञानता
- नैतिक निर्णय (यौन व्यवहार, लागू पदार्थ प्रयोग आदिसँग जोड्नु)

